# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, जेठ ६ गते २०५४ साल (संख्या ६

## भाग ३

श्री ५ को सरकार

### युवा, खेलकूद, तथा संस्कृति मन्त्रालयको

### सूचना १

**मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०५३**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित मनकामना क्षेत्र विकास समिति सम्झनु पर्छ ।

(ख) "मनकामना क्षेत्र" भन्नाले गोरखा जिल्ला अन्तर्गत देहायका गाउँ विकास समिति भित्र रहेका स्थानहरू सम्झनु पर्छ ।

(१) मनकामना गाउँ विकास समितिका सबै वडाहरू ।

(२) बकाङ गाउँ विकास समितिका सबै वडाहरू ।

(३) ताक्लुङ गाउँ विकास समितिका सबै वडाहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. मनकामना क्षेत्र विकास समितिको गठनः (१) मनकामना क्षेत्रको सामाजिक, धार्मिक, आर्थिक र साँस्कृतिक पक्षको संरक्षण, सम्वर्द्धन गर्न मनकामना क्षेत्र विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:-

| | |
|---|---|
| (क) श्री ५ को सरकारले तोकेको व्यक्ति | – अध्यक्ष |
| (ख) गोरखा जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरू | – सदस्य |
| (ग) सभापति, गोरखा जिल्ला विकास समिति | – सदस्य |
| (घ) मनकामना क्षेत्रमा विशिष्ट योगदान दिँदै आएका र सो क्षेत्रको विकासमा चासो राख्ने व्यक्तिहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरू | – सदस्य |
| (ङ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, गोरखा | – सदस्य |
| (च) मनकामना क्षेत्रसँग सम्बन्धित गाउँ विकास समितिका अध्यक्षहरू | – सदस्य |
| (छ) सम्बन्धित ईलाका सदस्य, जिल्ला विकास समिति, गोरखा | – सदस्य |
| (ज) प्रतिनिधि, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय | – सदस्य |
| (झ) प्रमुख, मालपोत कार्यालय, गोरखा | – सदस्य |
| (ञ) कार्यकारी निर्देशक | – सदस्य-सचिव |

(३) अध्यक्ष र मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिले आवश्यकतानुसार अन्य स्वदेशी वा विदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः–

(क) मनकामना क्षेत्रको विकाससम्बन्धी योजना र कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(ख) मनकामना क्षेत्रको विकाससम्बन्धी योजना र कार्यक्रमको कार्यान्वयनका लागि समितिले स्वदेशी वा विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिसँग सम्पर्क र समन्वय गर्ने ।

(ग) मनकामना क्षेत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित साँस्कृतिक, धार्मिक, ऐतिहासिक, सामाजिक तथा पुरातात्विक महत्त्वका वस्तु र स्थानहरूको संरक्षण, सम्वर्द्धन एवं पुनःनिर्माण गर्ने, गराउने ।

(घ) मनकामना क्षेत्रसँग सम्बन्धित पाण्डुलिपि, शिलालेख, ताम्रपत्र तथा मुद्रित सामग्रीको सङ्कलन र संरक्षण गर्ने, गराउने ।

(ङ) मनकामना क्षेत्र भित्रका प्राकृतिक सम्पदा, वातावरण तथा पशुपंक्षीको रेखदेख तथा संरक्षण गर्ने, गराउने ।

(च) मनकामना क्षेत्रको महत्त्व र यसको विकासका निमित्त सभा, सम्मेलन, गोष्ठी, प्रदर्शनी आदिको आयोजना गरी प्रचार प्रसार गर्ने गराउने ।

(छ) मनकामना क्षेत्रको विकास र उन्नतिका निमित्त सरकारी तथा गैर-सरकारी संस्थाहरू बीच आवश्यक समन्वय गराउन प्रयत्नरत रहने ।

(ज) मनकामना क्षेत्रभित्र पर्ने देवालय तथा गुफाहरूको खोजतलास गरी त्यसको उचित संरक्षण, सम्वर्द्धन तथा विकास गर्ने ।

(झ) मनकामना क्षेत्रमा रहेका शिक्षालय, स्वास्थ्य केन्द्र, पुल, ढल, कुलो, कुलेसो, बाटोघाटो, पानी, बिजुली, टेलिफोन, सार्वजनिक शौचालय, धर्मशाला, धार्मिक साधनास्थल, मठ, मन्दिर वातावरणीय सुधार आदि कुराहरूलाई व्यवस्थित गर्ने ।

(ञ) मनकामना क्षेत्रको धार्मिक तथा साँस्कृतिक महत्त्वलाई आघात पुऱ्याउने खालका गतिविधिहरूको सञ्चालनमा नियन्त्रण र निषेध गर्ने ।

(ट) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिका लागि आवश्यक अन्य कार्य-हरू गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको बैठकसम्बन्धी कार्यविधि: (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशक: (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न श्री ५ को सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

७. समितिका कर्मचारी: (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. समितिको कोष: (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुने रकम ।

(ङ) समितिसँग सम्बन्धित जिल्ला विकास समिति वा गाउँ विकास समितिबाट प्राप्त अनुदान रकम ।

(च) मनकामना देवीको मन्दिरमा भक्तजनहरूद्वारा चढाइएको रकम मध्ये समितिले तोकेको रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. लेखा र लेखा परीक्षण : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरू नगदी, जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. उप-समिति वा कार्यटोली गठन गर्न सक्नेः (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. बैठक भत्ता तथा अन्य सुविधाः सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसँग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालय : समितिको मुख्य कार्यालय गोरखा जिल्लाको मनकामना गाउँ विकास समितिमा रहनेछ र आवश्यकतानुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालय रहन सक्नेछन् ।

१५. नियम बनाउने अधिकारः समितिले यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागू हुनेछ ।

## सूचना २

### बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३" रहेकोछ । (२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित बौद्धनाथ क्षेत्र विकास समिति सम्झनु पर्छ ।

(ख) "बौद्धनाथ क्षेत्र" भन्नाले देहायका क्षेत्रहरू सम्झनु पर्छः–

(१) पूर्व–जोरपाटी गा.वि.स. को पश्चिम सीमाना ।

(२) पश्चिम–काठमाडौं महानगरपालिका वडा नं. ७ को सिमाना ।

(३) उत्तर–जोरपाटी गाउँ विकास समिति र कपन गाउँ विकास समितिको दक्षिण सीमाना ।

(४) दक्षिण–बागमती नदी र काठमाडौं महानगरपालिका वडा नं. ७ को सीमाना ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.६०

(घ) सदस्य भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. बौद्धनाथ क्षेत्र विकास समितिको गठनः (१) बौद्धनाथ क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक र साँस्कृतिक विकास गर्न बौद्धनाथ क्षेत्र विकास समिति नामक एउटा समितिको गठन हुनेछ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

| | | |
|---|---|---|
| (क) | श्री ५ को सरकारले तोकेको व्यक्ति | अध्यक्ष |
| (ख) | बौद्धनाथ क्षेत्रसँग सम्बन्धित बौद्धनाथ क्षेत्रका समाजसेवी बुद्धिजीवी तथा प्रतिष्ठित व्यक्तिहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरू | सदस्य |
| (ग) | प्रतिनिधि, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय | सदस्य |
| (घ) | प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य |
| (ङ) | प्रतिनिधि, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| (च) | प्रतिनिधि, गृह मन्त्रालय | सदस्य |
| (छ) | प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय | सदस्य |
| (ज) | प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सदस्य |
| (झ) | प्रतिनिधि सभाको सदस्य, काठमाडौं क्षेत्र नं. २ | सदस्य |
| (ञ) | प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| (ट) | वडा न. ६ बाट निर्वाचित काठमाडौं महानगरपालिकाको सदस्य | सदस्य |
| (ठ) | कार्यकारी निर्देशक | सदस्य-सचिव |

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यकतानुसार अन्य स्वदेशी वा विदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) बौद्ध धर्मसम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) बौद्धनाथ क्षेत्र भित्रको बौद्ध धर्म सम्बन्धी सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक वा यस्तै प्रकारका ऐतिहासिक महत्वका प्राचीन स्थान तथा वस्तुहरूको खोजी, अन्वेषण, अनुसन्धान गर्ने र त्यसको अभिलेख राख्ने । तर यस्तो कार्य गर्दा स्वीकृति लिनु पर्ने निकायको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ग) बौद्धनाथ क्षेत्रको विकाससम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिहरूसंग सम्पर्क र समन्वय गर्ने ।

(घ) बौद्धनाथ क्षेत्रभित्र पर्यटनको लागि उपयुक्त हुने स्थानहरूमा पर्यटन विकासको लागि आवश्यक कार्यक्रमहरू स्वीकृत गर्ने ।

(ङ) बौद्धनाथ क्षेत्रभित्र कुनै स्थान विशेषको महत्त्व, गरिमा, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखेर त्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकी नियन्त्रण गर्ने ।

(च) बौद्धनाथ क्षेत्र भित्रका प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम गर्ने ।

(छ) बौद्धनाथ क्षेत्रभित्र विश्व सम्पदा सूचीमा समाविष्ट भएका स्थानहरूमा निर्माण गरिने घर, गुम्वा, मठ, धर्मशाला र अन्य निर्माणसम्बन्धी कार्यहरूलाई आवश्यक मापदण्ड तोक्ने ।

(ज) बौद्धनाथ क्षेत्र भित्रका कुनै पुरातात्विक महत्त्वको स्थानलाई संरक्षित स्थान घोषणा गर्ने व्यवस्था मिलाउने ।

(झ) बौद्धनाथ क्षेत्र भित्रका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माण कार्यहरू सञ्चालन गर्ने निकायहरू बीच समन्वय कायम गर्ने ।

(ञ) बौद्धनाथ क्षेत्रको महत्त्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन गोष्ठी वा प्रदर्शनी आयोजना गर्ने ।

(ट) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि गर्नु पर्ने अन्य कार्यहरू गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको बैठकसम्बन्धी कार्यविधिः (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

७. समितिका कर्मचारीः (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. समितिको कोषः (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय सङ्घ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुन आउने रकम ।

(ङ) समितिलाई काठमाडौं जिल्ला विकास समिति, वा काठमाडौं महानगरपालिकाबाट प्राप्त अनुदान रकम र

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. लेखा र लेखा परीक्षणः (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अरु नगदी, जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. उप-समिति वा कार्यटोली गठन गर्न सक्नेः (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. बैठक भत्ता तथा अन्य सुविधाः सदस्यहरूले तोकिएबमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१२. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालयः समितिको मुख्य कार्यालय काठमाडौं महानगरपालिका, बौद्धमा रहनेछ र आवश्यकतानुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालयहरू रहन सक्नेछन् ।

१५. नियम बनाउने अधिकारः समितिले यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागू हुनेछन् ।

## सूचना ३

### बूढानीलकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "बूढानीलकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित बूढानीलकण्ठ क्षेत्र विकास समिति सम्झनु पर्छ ।

(ख) "बूढानीलकण्ठ क्षेत्र" भन्नाले काठमाडौं जिल्ला अन्तर्गत देहायका क्षेत्रहरू सम्झनु पर्छः—

(१) पूर्व—चपली भद्रकाली गाउँ विकास समितिको वडा नं. ५ को बागद्वार नागी गुम्बा, सोही गाउँ विकास समितिको वडा नं. ३ को देवीडाँडा, तौलुङ्ग जाने मूल सडकबाट सतरुद्रेश्वर र नौलिङ्गेश्वर भद्रकालीसम्म ।

(२) पश्चिम—विष्णु बूढानीलकण्ठ गाउँ विकास समितिको वडा नं. ६ को साँधमा पर्ने टोखा चण्डेश्वरी भगवती मन्दिरसम्म ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उत्तर–विष्णु बूढानीलकण्ठ गाउँ विकास समितिको वडा नं. ७ को टोखा स्वास्थ्य निवास जाने बाटो हुँदै विष्णु पादुका मन्दिर र चपली भद्रकाली गाउँ विकास समितिको वडा नं. ५ को सतरुद्रेश्वर महादेव मन्दिरसम्म ।

(४) दक्षिण–चपली भद्रकाली गाउँ विकास समितिको तौलुङ्ग जाने बाटो हुँदै विष्णु बूढानीलकण्ठ गाउँ विकास समितिको वडा नं. २ हुँदै गङ्गादेव मन्दिर हुँदै खड्का भद्रकाली गाउँ विकास समितिको वडा नं. ३ र ५ को धरमपुर र खड्का भद्रकाली मन्दिर जाने बाटोसम्म ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य–सचिव समेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. बूढानीलकण्ठ क्षेत्र विकास समितिको गठनः (१) बूढानीलकण्ठ क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक विकास गर्न बूढानीलकण्ठ क्षत्र विकास समिति नामक एउटा समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति – अध्यक्ष

(ख) बूढानीलकण्ठ क्षेत्रसँग सम्बन्धित समाज सेवी, बुद्धिजीवी तथा प्रतिष्ठित व्यक्तिहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरू – सदस्य

(ग) प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय – सदस्य

(घ) प्रतिनिधि, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – सदस्य

(ङ) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य

(च) प्रतिनिधि, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय – सदस्य

(छ) प्रतिनिधि, गृह मन्त्रालय – सदस्य

(ज) प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय – सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य
(ञ) प्रतिनिधि, शिक्षा मन्त्रालय – सदस्य
(ट) प्रतिनिधि, राष्ट्रिय योजना आयोग – सदस्य
(ठ) प्रतिनिधि सभा सदस्य, काठमाडौं क्षेत्र नं. ३ – सदस्य
(ड) प्रतिनिधि, काठमाडौं महानगरपालिका – सदस्य
(ढ) अध्यक्ष, विष्णु बूढानीलकण्ठ गाउँ विकास समिति – सदस्य
(ण) कार्यकारी निर्देशक – सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यकतानुसार अन्य स्वदेशी तथा विदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बूढानीलकण्ठ क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गराउने ।

(ख) बूढानीलकण्ठ क्षेत्र भित्रको सामाजिक, आर्थिक, धार्मिक तथा साँस्कृतिक विकासको निमित्त त्यस क्षेत्र भित्रका प्राचीन, धार्मिक, साँस्कृतिक, मठ मन्दिर, धर्मशाला, विहार, सरोवर वा यस्तै प्रकारका ऐतिहासिक महत्वका वस्तुहरूको विकास, अन्वेषण अनुसन्धान गर्ने र त्यसको अभिलेख राख्ने तर यस्तो कार्य गर्दा स्वीकृति लिनु पर्ने निकायको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(ग) बूढानीलकण्ठ क्षेत्रको विकाससम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि श्री ५ को सरकार, विदेशी सरकार, राष्ट्रिय वा अन्तरराष्ट्रिय संघ संस्था वा व्यक्तिसंग सम्पर्क र समन्वय गर्ने ।

(घ) बूढानीलकण्ठ क्षेत्रभित्र पर्ने पर्यटकीय क्षेत्रको विकास गर्ने ।

(ङ) बूढानीलकण्ठ क्षेत्रभित्र कुनै स्थान विशेषको महत्त्व, गरिमा, मान्यता र सम्बेदनशीलतालाई ध्यानमा राखी उक्त स्थानमा गर्न नहुने कार्यहरू तोकी निषेध र नियन्त्रण गर्ने, गराउने ।

(च) बूढानीलकण्ठ क्षेत्रभित्रको प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) बूढानीलकण्ठ क्षेत्रको सुव्यवस्था र विकासको लागि आवश्यक मापदण्ड तयार गरी श्री ५ को सरकारबाट स्वीकृति प्राप्त भएपछि लागू गर्ने ।

(ज) बूढानीलकण्ठ क्षेत्रभित्र पर्ने बाटोघाटो, पिउने पानी, शैक्षिक विकास, जनस्वास्थ्य, पुस्तकालय तथा अन्य आवश्यक कुराहरूको व्यवस्था र विकास गर्ने ।

(झ) बूढानीलकण्ठ क्षेत्र भित्र मनाइने विभिन्न चाडपर्व, मेला आदिको आवश्यक सुव्यवस्था गर्ने, गराउने ।

(ञ) बूढानीलकण्ठ क्षेत्र भित्रका सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रबाट संचालन हुने विकास निर्माण कार्यहरू संचालन गर्ने निकायहरू बीच समन्वय कायम गर्ने ।

(ट) बूढानीलकण्ठ क्षेत्रको विकासका लागि आवश्यक गुरू योजना तयार गरी कार्यान्वयन गर्ने ।

(ठ) बूढानीलकण्ठ क्षेत्रको महत्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने ।

(ड) समितिले आवश्यकता अनुसार नियमहरू बनाई स्वीकृतिको लागि श्री ५ को सरकारमा पेश गर्ने ।

(ढ) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्ति गर्नको लागि गर्नु पर्ने अन्य आवश्यक कार्यहरू गर्ने, गराउने ।

५. समितिको बैठकसम्बन्धी कार्यविधिः– (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नेभन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकः– (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न श्री ५ को सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

७. समितिका कर्मचारीः– (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. समितिको कोषः– (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको जिन्सी वा नगद रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा बापत प्राप्त हुन आउने रकम ।

(ङ) समितिलाई काठमाडौं जिल्ला विकास समिति, काठमाडौं महानगरपालिका वा अन्य कुनै निकायबाट प्राप्त अनुदान रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

९. लेखा र लेखा परीक्षणः– (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकको बिभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अरू नगदी, जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. उप-समिति वा कार्यटोली गठन गर्न सक्नेः– (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्य टोलीहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. बैठक भत्ता तथा अन्य सुविधाः सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१२. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालयः समितिको मुख्य कार्यलय विष्णु बूढानीलकण्ठ गाउँ विकास समितिमा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालयहरू रहन सक्नेछन् ।

१५. नियम बनाउने अधिकारः समितिले यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्ता नियमहरू लागू हुनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८

## सूचना ४

### हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित हलेसी महादेवस्थान विकास समिति सम्झनु पर्छ ।

(ख) "हलेसी महादेवस्थान" भन्नाले खोटाङ्ग जिल्ला अन्तर्गत हलेसी महादेवस्थान गाउँ विकास समितिले ओगटेका सबै वडाहरूको क्षेत्र सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. हलेसी महादेवस्थान विकास समितिको गठनः (१) हलेसी महादेवस्थानको सामाजिक, धार्मिक, साँस्कृतिक, र आर्थिक विकास गर्न हलेसी महादेवस्थान विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्:–

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति — अध्यक्ष

(ख) हलेसी महादेवस्थान क्षेत्रको सामाजिक, धार्मिक, साँस्कृतिक र आर्थिक विकासमा विशेष योगदान दिने तथा चासो राख्ने व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरू — सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खोटाङ्ग जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरू — सदस्य

(घ) सभापति, खोटाङ्ग जिल्ला विकास समिति — सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, खोटाङ्ग — सदस्य

(च) अध्यक्ष, हलेसी महादेवस्थान गाउँ विकास समिति — सदस्य

(छ) सम्बन्धित इलाका सदस्य, जिल्ला विकास समिति, खोटाङ्ग — सदस्य

(ज) प्रतिनिधि, युवा खेलकूद तथा संस्कृति मन्त्रालय — सदस्य

।(झ) प्रमुख, मालपोत कार्यालय, खोटाङ्ग — सदस्य

(ञ) कार्यकारी निर्देशक — सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि चार बर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन्

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यकतानुसार अन्य स्वदेशी तथा विदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) हलेसी महादेवस्थानको विकाससम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) हलेसी महादेवस्थानको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि विदेशी सरकार राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था, निकाय वा व्यक्तिसंग सम्पर्क र समन्वय गर्ने ।

(ग) हलेसी महादेवस्थानसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित ऐतिहासिक धार्मिक, सांस्कृतिक. सामाजिक र पुरातात्विक महत्वका स्थलहरूको संरक्षण, सम्बर्द्धन एवं पुनः निर्माण गर्ने, गराउने ।

(घ) हलेसी महादेवस्थानको ताम्रपत्र, शिलालेख, पाण्डुलिपि, मुद्रित सामाग्रीको संरक्षण तथा सम्बर्द्धन गर्ने,

(ङ) हलेसी महादेवस्थानमा शैक्षिक संस्था, स्वास्थ्य केन्द, पुल, ढल, सार्वजनिक शौचालय, कुलो कुलेसो, बाटोघाटो, पानी, बिजुली, टेलिफोन धर्मशाला जस्ता आधारभूत चीजहरूलाई व्यवस्थित गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) हलेसी महादेवस्थानमा पर्यटन व्यवसायको विकास एवं प्रवर्द्धनको लागि आवश्यक वातावरणको सृजना गर्ने ।

(छ) हलेसी महादेवस्थानको प्राकृतिक सम्पदा एवं वातावरणको संरक्षण तथा सम्बर्द्धन गर्ने,

(ज) हलेसी महादेवस्थानमा समय-समयमा शैक्षिक तथा साँस्कृतिक महत्वका सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने ।

(झ) हलेसी महादेवस्थान लगायत धितुङ, अर्खले, च्यासिमटार, बडहरे, मङ्गलटार जस्ता स्थानहरूमा रहेका मठ, मन्दिर, देवालय, गुफा, साँस्कृतिक र पुरातात्विक महत्वका वस्तुहरूको अनुसन्धान, संरक्षण र सम्बर्द्धन गर्ने, गराउने ।

(ञ) हलेसी महादेवस्थानको गरिमालाई आघात पुऱ्याउने खालका क्रियाकलापहरूको सञ्चालनमा नियन्त्रण तथा निषेध गर्ने र

(ट) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कामहरू गर्ने, गराउने ।

५. <u>समितिको बैठकसम्बन्धी कार्यविधि:</u> (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

65

६. कार्यकारी निर्देशकः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ ।

७. समितिका कर्मचारीः (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मकारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. समितिको कोषः (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय सङ्घ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा बापत प्राप्त हुने रकम ।

(ङ) समितिलाई सम्बन्धित गाउँ विकास समिति, जिल्ला विकास समिति वा अन्य निकायहरूबाट प्राप्त रकम ।

(च) हलेसी महादेवको मन्दिरमा भक्तजनहरूद्वारा चढाइएको रकम मध्ये समितिले तोकेको रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. लेखा र लेखा परीक्षण: (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. उप-समिति वा कार्यटोली गठन गर्न सक्ने: (१) समितिले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. बैठक भत्ता तथा अन्य सुविधा: सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता सुविधा पाउनेछन् ।

१२. अधिकार प्रत्यायोजन: समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही वा सबै अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालय: समितिको मुख्य कार्यालय खोटाङ्ग जिल्लाको महादेवस्थान गाउँ विकास समितिमा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालयहरू रहन सक्नेछ ।

१५. नियम बनाउने अधिकार: समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागू हुनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८९

## सूचना ५

### पाथीभरा क्षेत्र विकास समिति ( गठन) आदेश, २०५३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित पाथीभरा क्षेत्र विकास समिति सम्झनु पर्छ ।

(ख) "पाथीभरा क्षेत्र" भन्नाले देहायका क्षेत्रहरू सम्झनु पर्छः–

(१) ताप्लेजुङ्ग जिल्ला फुङलिङ्ग गाउँ विकास समितिको वडा नं ६ को सम्पूर्ण क्षेत्र ।

(२) ताप्लेजुङ जिल्ला हाङदेवा गाउँ विकास समितिको वडा नं. १ को सम्पूर्ण क्षेत्र ।

(३) ताप्लेजुङ जिल्ला फुरुम्बु गाउँ विकास समितिको वडा नं १ र ९ का सम्पूर्ण क्षेत्र ।

(४) ताप्लेजुङ जिल्ला फावाखोला गाउँ विकास समितिको वडा नं. ४ को सम्पूर्ण क्षेत्र ।

(५) ताप्लेजुङ जिल्ला तिरिङ्गे गाउँ विकास समितिको वडा नं. १ को सम्पूर्ण क्षेत्र ।

(६) ताप्लेजुङ जिल्ला लिङखिम गाउँ विकास समितिको वडा नं. १ को सम्पूर्ण क्षेत्र ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

82

३. पाथीभरा क्षेत्र विकास समितिको गठनः (१) पाथीभरा क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक र साँस्कृतिक विकास गर्न पाथीभरा क्षेत्र विकास समितिको नामको एउटा समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति – अध्यक्ष

(ख) ताप्लेजुङ जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरू– सदस्य

(ग) सभापति, ताप्लेजुङ्ग जिल्ला विकास समिति – सदस्य

(घ) अध्यक्ष, फुङलिङ्ग गाउँ विकास समिति – सदस्य

(ङ) अध्यक्ष, हाङदेवा गाउँ विकास समिति – सदस्य

(च) अध्यक्ष, लिङखिम गाउँ विकास समिति – सदस्य

(छ) अध्यक्ष, फावाखोला गाउँ विकास समिति – सदस्य

(ज) अध्यक्ष, फुरुम्बु गाउँ विकास समिति – सदस्य

(झ) अध्यक्ष, तिरिङ्गे गाउँ विकास समिति – सदस्य

(ञ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ्ग – सदस्य

(ट) प्रमुख, मालपोत कार्यालय, ताप्लेजुङ्ग – सदस्य

(ठ) प्रमुख, जिल्ला भवन कार्यालय, ताप्लेजुङ्ग – सदस्य

(ड) जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, – सदस्य
ताप्लेजुङ्ग – सदस्य

(ढ) प्रतिनिधि, युवा खेलकूद तथा संस्कृति मन्त्रालय – सदस्य

(ण) पाथीभरा क्षेत्रसंग सम्बन्धित जिल्लाका समाजसेवी, बुद्धिजीवी तथा प्रतिष्ठित व्यक्तिहरू मध्येबाट श्री ५को सरकारले मनोनीत गरेका पाँच जना व्यक्तिहरू – सदस्य

(त) कार्यकारी निर्देशक – सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यकतानुसार अन्य विदेशी तथा स्वदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) पाथीभरा क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यन्वयन गर्ने, गराउने ।

(ख) पाथीभरा क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वियन गर्नको लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिसंग सम्पर्क र समन्वय गर्ने ।

(ग) पाथीभरा क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक तथा साँस्कृतिक पक्षको विकासको निमित्त त्यस क्षेत्र भित्रका प्राचीन ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक तथा ऐतिहासिक महत्वका प्राचीन स्थल तथा वस्तुहरूको अन्वेषण तथा अनुसन्धान गर्ने ।

(घ) पाथीभरा क्षेत्रभित्र पर्यटनको लागि उपयुक्त हुने स्थानहरूमा पर्यटन विकासको लागि आवश्यक कार्यक्रमहरू स्वीकृत गर्ने ।

(ङ) पाथीभरा क्षेत्रभित्र कुनै स्थान विषशेको महत्व, गरिमा, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकी निषेध र नियन्त्रण गर्ने ।

(च) पाथीभरा क्षेत्रभित्र प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने तथा वातावरणीय सन्तुलन कायम राख्ने खालका कार्यक्रमहरू संचालन गर्ने ।

(छ) पाथीभरा क्षेत्रभित्र शैक्षिक संस्था, अस्पताल, पुल, ढल, बिजुली, टेलिफोन, सडक जस्ता सार्वजनिक उपयोगका साधनहरू सुव्यवस्थित गर्ने व्यवस्था मिलाउने, फोहर मैला हुन नदिने गरी स्वच्छता कायम गर्ने र सो क्षेत्र भित्रका श्री ५ को सरकारको कार्यालयहरू, स्थानीय निकायहरू र गैर सरकारी संस्थानहरूसंग समन्वय राखी कार्यक्रमहरू संचालन गर्ने ।

(ज) पाथीभरा क्षेत्रको महत्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने ।

(झ) पाथीभरा क्षेत्रको योजनाबद्ध विकास गर्दा सुव्यवस्थित रूपले निर्माण र मर्मत सम्भार कार्य गर्ने ।

(ञ) पाथीभरा क्षेत्रभित्र सरकारी, गैर सरकारी, निजी क्षेत्रबाट संचालन हुने विकास निर्माण कार्यहरू संचालन गर्न विभिन्न निकायहरू बीच समन्वय कायम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) पाथीभरा क्षेत्र भित्रका पुरातात्विक महत्वको स्थानलाई सुरक्षित स्थान घोषणा गर्ने ।

(ठ) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि गर्नु पर्ने अन्य कार्यहरू गर्ने, गराउने ।

५. समितिको बैठकसम्बन्धी कार्यविधिः (१) समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(३) समितिको सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ को सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्री ५ को सरकारले आवश्यक देखेमा निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोकेबमोजिम हुनेछ ।

७. समितिका कर्मचारीः (१) समितिले आवश्यकतानुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. समितिको कोषः (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा बापत प्राप्त हुने रकम ।

(ङ) पाथीभरा क्षेत्रभित्रको सम्बन्धित जिल्ला विकास समिति वा गाउँ विकास समितिबाट प्राप्त अनुदान रकम र

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. लेखा र लेखा परीक्षणः (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अरू नगदी, जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. उप-समिति वा कार्यटोली गठन गर्न सक्नेः (१) समितिले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्न गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. बैठक भत्ता तथा अन्य सुविधाः सदस्यहरूले तोकेबमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१२. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही वा सबै अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालयः समितिको मुख्य कार्यालय ताप्लेजुङ्ग जिल्लाको फुङलिङ्ग गाउँ विकास समितिमा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालयहरू रहन सक्नेछन् ।

१५. नियम बनाउने अधिकारः समितिले यस आदेशको उद्देश्य पूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्ता नियमहरू लागू हुनेछन् ।

आज्ञाले,
वरुणप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६